अनुसुचि १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री फेनापती सामुदायिक वन उपभोक्ता समूह

बारबर्दिया न.पा. १०, बैदी, बर्दिया

प.स.

च.नं.

मितिः २०८२/१०/१९

विषयः काठ र दाउरा प्रति ईकाई दररेटको आधारमा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना ।

लट नं. १ र २ (२०८२/०८३)

पहिलो पटक सुचना प्रकाशन मिति २०८२।१०।१९

श्री फेनापती सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वनबाट आ.व.२०८२/०८३ मा कटान हुने रुखहरुबाट उत्पादन हुने तपसिलमा उल्लेखित जात र परिमाणको काठ/दाउरा प्रति ईकाई दररेटमा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, सघंसस्था, फर्म वा कम्पनीले यो सुचना नागरीक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/१०/१९ गते प्रकाशन भएको मितिले २१ दिन भित्र यस समूहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० बजे भित्रको समयमा यस फेनापती सामुदायिक वन उपभोक्ता समुहको कार्यालय बारबर्दिया न.पा. वडा नं. १० बर्दिया र डिभिजन वन कार्यालय बर्दियामा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

तपसिल

१.वन पैदावारको बिवरणः-

| लट नं. | वन पैदावारको जात | रुख संख्या | ग्रेड | अनुमानित परिमाण | | प्रति इकाई न्यूनतम मुल्य रु. | | मूल्यांकन रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | काठ घ.फि. | दाउरा चट्टा | काठ घ.फि. | दाउरा चट्टा | काठ मूल्य रु. | दाउरा मूल्य रु. | |
| १ | कुसुम | १ | N | . | ०।१५ | १०० | ४००० | . | ६०० | |
| | कान्जी | ७ | N | ८३।२० | ०।३९ | १०० | ४००० | ८३२० | १५६० | काठ दाउरा संकलन खर्च साकार कर्ताले व्यहोर्नु पर्नेछ |
| | बर्रो | ३ | N | ५०।७० | ०।१२ | २०० | ४००० | १०१४० | ४८० | |
| | मसला | १ | N | २३।२० | ००।०४ | १२५ | ४००० | २९०० | १६० | |
| | सिमल | २ | N | ५४।१३ | ०।१० | १५० | ४००० | ८११९।५ | ४०० | |
| | जम्मा | १४. | | २११।२३ | | | | २९४७९।५ | ३२०० | |
| २ | खयर | १८ | N | १६९।३६ | ०।१६ | १००० | ४००० | १६९३६० | ६४० | |

२.बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः२०८२।११।११ (ख) समय दिउँसो १२:०० बजेसम्म ।

३.बोलपत्रसाथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको नेपाल बैंक,लिमिटेड गुलरिया शाखा कार्यालय, बर्दियामा रहेको हिसाब नं. २४०००१००८१३६९८००००००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर/-----------------बैंकमा कम्तिमा ६ महिना अवधिको बैंक जमानत समावेश हुनुपर्नेछ ।

४.बोलपत्र फारमको लट नं १ को रु ३००/- र लट नं २ को रु १०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद गरि खरिद गरेको निकायमा दाखिला गर्नु पर्नेछ ।

५.लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय दिनको ४:०० बजे भित्र फेनापती सामुदायिक वन उपभोक्ता समुहको सामुदायिक वन क्षेत्रमा गई हेर्न सकिनेछ।

६.लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म वा कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलीपि ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिबृद्धी कर दर्ता प्रमाण पत्रको प्रतिलीपि वा स्थाई लेखा

CS CamScanner

अनुसुचि १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री फेनापती सामुदायिक वन उपभोक्ता समूह

**बारबर्दिया** न.पा. १०, बैदी, बर्दिया

नम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलीपि र संघीय वन नियमावली २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा सुची दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

७.निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२।११।११ गते दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८.उत्पादित गोलिया काठ र दाउरा नाप पईमास भई घाटगद्दी भएको जानकारी पश्चात् १० (दश) दिन भित्र साकार गरेको प्रति ईकाई दररेटले हुन आउने रकम तथा निर्धारित मुल्य अभिबृद्धी कर, अग्रिम आय कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाईलैजानु पर्नेछ ।

९.बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेखुपर्नेछ ।अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१०.प्रस्तुत बोलपत्रको सम्वन्धमा कुनै बिवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णय दिने अधिकार सम्बन्धित निकायको हुनेछ ।

११. रितपुर्वक नभएको वा शर्त राखिएको र म्याद नाघि प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

१२. प्रस्तुत बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३. अन्य कुराहरु प्रचलीत कानुन अनुसार हुनेछ ।

CamScanner

# चुनावी सुरक्षामा अवैध हतियार चुनौती

पृष्ठ १ बाट

घटनास्थलबाट पाँच सय मिटर पश्चिम-उत्तरमा जिल्ला प्रहरी कार्यालय, तीन सय मिटर पश्चिममा नगर प्रहरी र राष्ट्रिय अनुसन्धान विभागको जिल्ला कार्यालय छन्। नागरिक सुरक्षा पोस्ट भए पनि खेतमा काम गरिरहेका यादवलाई दिउँसै गोली हानेर अपराधि सहजै उम्कन सफल हुनुले यहाँको सुरक्षालाई गिज्याएको छ।

निर्वाचनका बेला सुरक्षा अंग र निकायहरू उच्च सतर्क अवस्थामा रहेका बेला सिरहामा भएको यो घटनाले जिल्लाको सुरक्षा अवस्था मात्र नभई निर्वाचन सुरक्षालाई पनि चुनौती दिएको स्थानीय बुद्धिजीवी बताउँछन्।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता अबिनारायण काफ्लेले केही छिटपुट अप्रिय घटना भए पनि चुनावलाई असर पार्ने गतिविधि रोकन प्रहरी लागिपरेको बताए। 'अपराधीले सुरक्षाकर्मीको आँखा छलेर केही छिटपुट घटना गराएका छन्। प्रहरीले यी सबै घटनालाई सूक्ष्म ढंगले अनुसन्धान गरिरहेको छ। चुनाव नै बिथोल्ने भन्ने विषयचाहिँ असम्भव छ। आपराधिक घटना हुन नदिन प्रहरी लागिरहेको छ,' उनले भने भने।

सिमावर्ती क्षेत्र सुरक्षाका दृष्टिकोणबाट सधैं संवेदनशील हुन्छ। त्यसमा पनि निर्वाचनका बेला विभिन्न स्वार्थसमूह चलखेल गर्न खोज्छन्। जसले निर्वाचन सुरक्षामा चुनौती थपिदिन्छ। प्रहरी प्रधान कार्यालयले मधेस प्रदेश रहेका मातहतका सबै निकायलाई उच्च सतर्क अवस्थामा बस्न निर्देशन दिएको छ। 'अतिसंवेदनशील, संवेदनशील निर्वाचन क्षेत्र मात्र होइन, सीमावर्ती क्षेत्रमा पनि प्रहरीले निगरानी बढाएको छ', प्रवक्ता काफ्लेले भने।

सिरहा र सप्तरीमा मात्र नभई मधेस प्रदेशका सबै (आठ) जिल्लालाई सुरक्षाका दृष्टिले संवेदनशील र अतिसंवेदनशील वर्गमा राखिएको छ। फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत मधेस प्रदेशका दुई हजार १६० मतदानस्थलमध्ये एक हजार २४६ अतिसंवेदनशील रहेको जनाइएको छ।

मधेस प्रदेश प्रहरी कार्यालयका अनुसार भारतीय सीमासँग जोडिएका अधिकांश मतदानस्थल अतिसंवेदनशील वर्गमा छन्। त्यस्ता मतदानस्थलमा अनुगमन तथा सुरक्षाका उपायबारे योजनाबद्ध काम भइरहेको मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता कमल थापाले बताए।

मधेस प्रदेशमा प्रतिनिधिसभा सदस्यका ३२ वटा निर्वाचन क्षेत्र छन्। मधेस प्रदेशमा ७५५ मतदानस्थल संवेदनशील र १५९ मतदानस्थल सामान्य रहेको प्रदेश प्रहरी कार्यालयले जनाएको छ। मधेस प्रदेशभरि चार हजार ४७१ मतदान केन्द्र कायम गरिएको छ। त्यस्तै मधेस प्रदेशमा दल तथा स्वतन्त्र गरी एक हजार २८ उम्मेदवार छन्।

मधेस प्रदेशमा ३५ लाख १७ हजार १२३ मतदाता छन्। जसमा पुरुष १९ लाख पाँच हजार ८१९ र महिला १६ लाख ११ हजार ३०४ छन्।

**साउनयता ६ जनाको हत्या**

मधेस प्रदेश प्रहरी कार्यालयको तथ्यांकअनुसार चालु आर्थिक वर्षको हालसम्म यो प्रदेशका आठ वटै जिल्लामा गोली प्रहारबाट ६ जनाको हत्या भएको छ। सप्तरीमा दुई, सिरहामा एक, धनुषामा एक, महोत्तरीमा एक र सर्लाहीमा एक जनाको गोली हानी हत्या गरिएको हो। त्यस्तै गोली प्रहारबाट चार जना घाइते भएका छन्। यी घटनामा संलग्न भएको आरोपमा १९ जना पक्राउ परेका छन्।

यस अवधिमा यो प्रदेशमा विभिन्न जिल्लाबाट अवैध आठ थान साना हतियार र दुई थान ठूला हतियार बरामद भएको तथ्यांक छ। यी हतियारसँगै २१ राउन्ड गोली र २ थान म्यागजिन बरामद गरिएको छ। अवैध हातहतियार राखेको आरोपमा २० जना पक्राउ परेको प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

अवैध हतियार नियन्त्रणमा नेपाल-भारत खुला सिमाना मुख्य चुनौती रहेको प्रहरी अधिकारी बताउँछन्। नेपाल-भारतका अपराधीबिचको सञ्जालका कारण साना हतियार नियन्त्रण सीमावर्ती जिल्लाहरूमा चुनौतीपूर्ण बनेको छ। भारतका कारोबारीबाट स्वचालित र अर्धस्वचालित हतियार भाडामा ल्याएरसमेत मधेसमा अपराध कर्म गरेको पाइएको छ।

मधेसमा मान्छे मार्नभन्दा पनि तर्साउन अवैध हतियार घरमा लुकाएर राख्ने गरिएको छ। लुकाउन सजिलो हुने साना हतियार नियन्त्रणमा चुनौती भएको प्रहरी अधिकारीको अनुभव छ। मधेस प्रदेशमा करिब चार सय २८ किलोमिटर खुला सीमा छ।

## युएईमा...

पृष्ठ १ बाट

'माफीका लागि नेपाल सरकार युएई सरकारप्रति हार्दिक कृतज्ञता व्यक्त गर्छ,' परराष्ट्र मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ, 'मैत्रीपूर्ण सम्बन्ध र मानवीय नाताले २६७ नेपालीको कैद सजाय माफ गर्ने युएई सरकारको निर्णयलाई नेपालले उच्च मूल्यांकन गरेको छ।' यसले नेपाल-युएई द्विपक्षीय सम्बन्धलाई थप मजबुत बनाउने विश्वास लिइएको छ।

परराष्ट्र मन्त्रालय अनुसार अबुधाबीस्थित नेपाली दूतावासले बारम्बार गरेको अनुरोधको सुनुवाइ गर्दै युएईले ती नेपालीको कैद सजाय माफीको निर्णय गरेको हो। 'अन्य कुनै विचाराधीन कानुनी मुद्दा वा प्रतिबन्ध नभएको अवस्थामा, माफी पाएका नेपाली युएईको प्रचलित कानुनद्वारा तोकिएबमोजिम आवश्यक कानुनी प्रक्रिया पूरा गरेपछि नेपाल फर्कन सक्ने छन्,' विज्ञप्तिमा उल्लेख छ।


## नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/१०/१९**

यस नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको टाँडी शाखा कार्यालय, चितवनबाट तपसिलमा उल्लेखित तपाईं ऋणीले उपभोग गर्नु भएको कर्जा तथा बैंकिङ सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी ताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले कर्जा चुक्ता भुक्तान गर्ने बारेमा तपाई ऋणीलाई मिति २०८२/०२/२५ को चितवन पोष्ट दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना, मिति २०८२/०८/२९ गते चितवन पोष्ट दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ती लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई सूचित गर्दा समेत कर्जाको साँवा ब्याज चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितोबन्धक लेखिदिएको तपशिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आह्वान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिन (सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन) मा नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको केन्द्रिय कार्यालयमा दिउँसो ३:०० (तीन) बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ, सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित बोलपत्र फारम बुझाउन अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफैं सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ। यस अवधिभित्र तपाई ऋणी, जमानीकर्ता तथा सम्बद्ध सबैले बैंकलाई तिर्नुबुझाउनु पर्ने बक्यौता रकम चुक्ता भुक्तानी गरि आफ्नो सम्पत्तिको संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ।

तपसिल

| ऋणीको नाम ठेगाना/विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण |
|---|---|
| **ऋणीः** चितवन जिल्ला पञ्चकन्या गा.वि.स. वडा नं. ०७ (हाल रत्ननगर नगरपालिका वडा नं. ११, चितवन) बस्ने, नरहरी ओझाको नाति, वृहस्पति ओझाको छोरा वर्ष ४९ को **बुद्धिराज ओझा (ना.प्र.नं. १८४४/०३५, जारी मिति २०५१/१२/२१ जि.प्र.का चितवन)** | **आकृती ओझा**को नाममा मालपोत कार्यालय भरतपुर, चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला साविक पञ्चकन्या गा.वि.स. वडा नं. ७ (हाल, रत्ननगर नगरपालिका वडा नं. ११, चितवन, नक्सा सिट नं. ७ क स्थित कित्ता नं.१७२८ को क्षेत्रफल ०-०-१० (बि-क-धु) को घर जग्गा तथा सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।<br>**नोट** : बोलपत्र खोलिने स्थानः बैंकको प्रधान कार्यालय, भरतपुर-१०, चितवन |
| **व्यक्तिगत जमानीकर्ताहरु** | |
| **१. नाम : आकृती ओझा**<br>स्थायी ठेगाना : रत्ननगर नगरपालिका वडा नं. ११, चितवन<br>हालको ठेगानाः रत्ननगर नगरपालिका वडा नं. ११, चितवन<br>बाबु : बुद्धिराज ओझा<br>बाजे : वृहस्पति ओझा<br>ना.प्र.नं. ३५-०१-७५-०९३०६, चितवन। | **३. नाम : आरती ओझा**<br>स्थायी ठेगाना : रत्ननगर नगरपालिका वडा नं. ११, चितवन<br>हालको ठेगानाः रत्ननगर नगरपालिका वडा नं. ११, चितवन<br>बाबु : बुद्धिराज ओझा<br>बाजे : वृहस्पति ओझा<br>ना.प्र.नं. ३५-०१-७५-०९३०७, चितवन। |
| **२. नाम : पार्वती ओझा**<br>स्थायी ठेगाना : रत्ननगर नगरपालिका वडा नं. १०, चितवन<br>हालको ठेगानाः रत्ननगर नगरपालिका वडा नं. ११, चितवन<br>पति : बुद्धिराज ओझा<br>ससुरा : वृहस्पति ओझा<br>ना.प्र.नं. ३५१०२०/३६८६, चितवन। | **४. नाम : आयुष ओझा**<br>स्थायी ठेगाना : रत्ननगर नगरपालिका वडा नं. ११, चितवन<br>हालको ठेगानाः रत्ननगर नगरपालिका वडा नं. ११, चितवन<br>बाबु : बुद्धिराज ओझा<br>बाजे : वृहस्पति ओझा<br>ना.प्र.नं. ३५-०१-७७-०११४९, चितवन। |

**नोटः**

क) बोलपत्र फारम यस बैंकको प्रधान कार्यालय, कर्जा असुली विभाग भरतपुर १०, चितवन/सम्बन्धित शाखाबाट रु. १,०००/- तिरी लिन सकिनेछ।

ख) बोलपत्र फाराममा उल्लेखित शर्तहरु लिलामी कार्यको लागि निःशर्त लागू हुनेछन्।

नारायणी डेभलपमेन्ट बैंक लि.
Narayani Development Bank Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"
Bharatpur-10, Chitwan, Nepal
Tel.: +977-56-590011/590012/590013
www.ndbl.com.np, info@ndbl.com.np


## काठमाडौं–८...

पृष्ठ १ बाट

रास्वपाका विराजभक्त श्रेष्ठको प्रचारप्रसारमा सघाउन वडा नं. १३ स्थित ताहाचालका बासिन्दाले एक कार्यक्रमका आयोजना नै गरे। सडक विकास, पूर्वाधार, यातायात सुधार, रोजगारी र युवा सशक्तीकरण मुख्यलाई अजेन्डा बनाएर आफू अघि बढेको बताउँदै श्रेष्ठले देश र जनताका चाहनाअनुसार काम गर्ने विश्वास व्यक्त गरे। 'अघिल्लो निर्वाचनमा पनि मलाई काठमाडौं-८ का बासिन्दाले विश्वास गरी अत्यधिक मत दिनुभयो र मैले मतको कदर गर्दै काम पनि गरें,' ४४ वर्षीय विराजले नागरिकसँग भने, 'भ्रष्टाचार र बेथितिविरुद्ध काम गरेर अघि बढेको छु। आगामी दिनमा पनि म यसैगरी लाग्ने र पारदर्शिता, जवाफदेहिताका साथ काम गर्नेछु।' उनले यस पटक देशको माहोल फरक रहेको दाबी गरे। लोकतान्त्रिक पद्धतिमा आधारित रही जनचाहनाअनुसार काम गर्ने प्रतिबद्धता व्यक्त गर्दै उनले सुशासनलाई प्राथमिकतामा राख्दै सम्पदा, खुला क्षेत्र संरक्षण र सेवासुविधामा आम नागरिकको पहुँच पुर्‍याउनु मेरो मुख्य प्राथमिकता हो।'

अघिल्लो निर्वाचनमा स्वतन्त्र उम्मेदवारका रूपमा निर्वाचनमा होमिएका ५२ वर्षीय सुमन सायमी यस पटक नेकपामा समाहित भएर यही क्षेत्रबाट चुनावी प्रतिस्पर्धामा उत्रिएका छन्। उनले आफ्नो उम्मेदवारी राज्यविहीन बनेका जनतालाई राज्य संरक्षणको अनुभूति दिलाउन रहेको बताए। प्रोपोगान्डाले देश नचल्ने भएकाले आफूलाई राजनीतिक आधारको आवश्यकता परेकाले नेकपामा समावेश गराएको उनको भनाइ छ। 'मेरा मार्ग, मुद्दा र उद्देश्य नेकपासँग मिलेको पाएँ। सडकमा उठाउँदै आएको आवाजलाई नीतिगत रूपमा कार्यान्वयन गराउन ठाउँमा पुग्न जरुरी रहेकाले नेकपाबाट उम्मेदवारी दिएको हुँ,' सुमनले नागरिकसँग भने, 'काठमाडौंका जनतामा राजनीतिक चेतनाको कमी छ। लहलहैमा लागेर हुँदैन। आधार र अस्तित्व भएका पुराना राजनीतिक दल नै चाहिन्छ। आधारहीन राजनीतिले देशमा ठूलो दुर्घटना निम्त्याउँछ। जेनजी आन्दोलनपछि देशको माहोल परिवर्तन भएको छ। देशलाई आर्थिक रूपमा सक्षम र आत्मनिर्भर बनाउने योगदान दिने उद्देश्यले मैले उम्मेदवारी दिएको हुँ।'

कांग्रेसकी सपना राजभण्डारी यस चुनावी प्रतिस्पर्धामा आफ्ना पति नविन्द्रराज जोशीले छाडेको विकासको अधुरो सपना पूरा गर्न निर्वाचनमा होमिएको बताइन्। वडा नं. १९ को यट्खा निवासी राजभण्डारी आफू यही क्षेत्रमा जन्मेहुर्केका कारण पनि यस क्षेत्रको रीतिरिवाज, कलासंस्कृतिको संरक्षण तथा विकासका योजनाहरू पूरा गराउन पनि निर्णायक तहमा पुग्नैपर्ने आवश्यकता उनले औँल्याए। यतिखेर मतपरिणाम आफ्नो पक्षमा पार्न टोलछिमेकसँग भेटघाट, छलफल र अन्तर्क्रियामा व्यस्त रहेको उनले बताइन्। 'जेनजी आन्दोलनपछि देशको अवस्था फेरिएको छ,' राजभण्डारीले नागरिकसँग भनिन्, 'जेनजी र अरू युवाका मर्म र भावना बुझेर पुराना दलका अग्रजहरूको अनुभवलाई सँगालेर मात्र देशका लागि काम गर्दै जानेछु।' ५५ वर्षीया राजभण्डारीले थपिन्, 'राजनीतिज्ञ नविन्द्रराज जोशी यही क्षेत्रका प्रिय हुनुहुन्थ्यो। श्रीमान्को संगतमा आफूले बुझेको राजनीति र यस क्षेत्रको कमीकमजोरीलाई आफ्नो शक्ति बनाएर अगाडि बढ्ने योजना छ।'

यही क्षेत्रमा एमाले उम्मेदवार राजेश शाक्यले विश्वसम्पदा सूचीमा रहेको यस क्षेत्रको स्वयम्भूनाथ र हनुमानढोकालाई विश्वमै पर्यटकीय क्षेत्रका रूपमा विकास गरी देशका आर्थिक आयआर्जनको बलियो आधार बनाउन पनि आफूले क्षेत्र नं. ८ बाट उठेको बताए। ५८ वर्षीय शाक्य जेनजी युवाहरूको आवाज प्रतिनिधित्व गर्दै २०७४ सालमा माननीय भएर गरेको कामको अनुभवलाई पुनः एक पटक देशमा आर्थिक आधार बलियो बनाउन नीतिगत व्यवस्थाका लागि प्रतिस्पर्धामा उत्रिएको बताए। 'होस सम्हालेदेखि राजनीतिमा लागेर २०३६ सालको विद्यार्थी आन्दोलनमा लाग्दै २०५४ सालमा वडा नं. १९ को वडाध्यक्ष भएर गरेको कामले मलाई राजनीतिमा अघि बढ्न थप प्रेरित गर्‍यो,' राजेशले नागरिकसँग भने, 'प्रत्यक्ष जनप्रतिनिधि भएर स्थानीयसँग मिलेर काम गरेँ। घरायसीदेखि सामाजिक समस्यासम्म समाधान गर्न सफल भएँ। समाजको विकास, जनताका पिरमर्काको समाधान, प्रशासनिक सुविधा व्यवस्थापन गर्न सफल भएँ।' २०७४ सालको संसदीय अभ्यासले पनि मलाई स्थानीय समस्या समाधान गर्दै स्थानीयवासीको दैनिक जीवन सहजताका लागि आयआर्जन बढाउन नीतिगत व्यवस्था गर्न मैले उम्मेदवारी दिएको हुँ।'

यस क्षेत्रमा अन्य उम्मेदवारहरू खगेश रञ्जितकार (आम जनता पार्टी), छत्रकुमार पाखिन (राष्ट्रिय मुक्ति आन्दोलन नेपाल), दिनेश शाही (नेपाल जनता संरक्षण पार्टी), नवीन शाह (राष्ट्रिय प्रजातन्त्र पार्टी), वन्दना श्रेष्ठ (नेपाल मजदुर किसान पार्टी), मुक्तिनाथ शर्मा (राष्ट्रिय मुक्ति पार्टी नेपाल) र राजन खड्गी (उज्यालो नेपाल पार्टी) छन्। यसैगरी अन्य प्रतिस्पर्धीमा राजेन्द्र शाह (नेपाल कम्युनिस्ट पार्टी संयुक्त), रेशमबहादुर सुनार (संयुक्त नागरिक पार्टी), विजय डंगोल (नेपाल संघीय समाजवादी पार्टी), शिवसुन्दर कर्माचार्य (श्रम संस्कृति पार्टी), सरोजराज वैद्य (जनता समाजवादी पार्टी) र सलामसिंह लामा (नेपाल कम्युनिस्ट पार्टी माओवादी) छन्। स्वतन्त्र उम्मेदवारहरूमा सुनिता महर्जन, सुशीला नेपाली, विकास खड्गी, मुना न्यौपाने र तुलसा श्रेष्ठ महर्जन छन्।

## बाँके–२...

यही कारण अधिकांश निर्वाचनमा पूर्वानुमान गलत हुने गरेको छ। २०४८ सालदेखि २०७९ सम्मका निर्वाचनमा यही मतले नतिजा फेरबदल गरिदिएको कर्माचार्यको विश्लेषण छ।

कर्माचार्यका अनुसार यस मतमा पैसाको जोखिम पनि उच्च हुन्छ। मध्यम वर्ग आफ्नो मुद्दा, असन्तुष्टि र अपेक्षामा केन्द्रित हुन्छ भने निम्न वर्ग तत्कालीन आर्थिक लाभतर्फ आकर्षित हुने सम्भावना बढी हुन्छ। यससँगै धार्मिक, सांस्कृतिक र क्षेत्रीय पक्ष पनि जोडिएका हुन्छन्। कतिपय समुदायमा एक प्रभावशाली व्यक्ति वा 'मुखिया'ले यो मतलाई नियन्त्रण गरेको देखिन्छ। उसले लिएको निर्णयसँगै सयौं मतदाता एकैचोटि मोडिन्छन्।

यही कारण उम्मेदवारहरू पनि नन-पोलिटिकल मतप्रति अत्यन्त सतर्क हुन्छन्। कर्माचार्यका अनुसार नन-पोलिटिकल मतमा उम्मेदवारसमेत 'साइलेन्ट' बस्छन्। किनकि अर्को उम्मेदवारको नजर नपरोस् भन्ने डर हुन्छ। खुलेर दाबी गर्न नसकिने तर अन्तिम क्षणमा निर्णायक बन्ने यही मत बाँके-२ को चुनावी राजनीतिलाई जटिल बनाउने कारक हो। हालको राजनीतिक अवस्थालाई हेर्दा बाँके-२ मा मुख्य प्रतिस्पर्धा नेपाली कांग्रेस र नेकपा एमालेबिच नै देखिन्छ। विश्लेषक आचार्यका अनुसार कांग्रेसको संगठन, ऐतिहासिक विरासत र स्थानीय तहसम्मको पहुँच अझै बलियो छ। एमालेका उम्मेदवार मोहम्मद इस्तियाक राईको व्यक्तिगत प्रभाव, सामाजिक सम्बन्ध र स्थानीय स्तरमा स्थापित छविले मतदातालाई उनीतर्फ आकर्षित गर्न सक्ने देखिन्छ।

तर दुवै दलका लागि साझा चुनौती भनेकै नन-पोलिटिकल मत हो। संगठित मतले आधार तयार गर्छ तर जितको चाबी अस्थिर मतदाताकै हातमा हुन्छ। विगतका निर्वाचनले देखाएझैं जसले अन्तिम घडीमा यो मौन मतको विश्वास जित्न सक्छ, नतिजा उसकै पक्षमा जान सक्छ।

## 'क्लिंकर'...

उदयपुर सिमेन्ट उद्योगमा सिमेन्ट अनियमितता भएको भनी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको छानबिन प्रतिवेदनबाट देखिएको थियो। महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनबाट समेत देखिएको, क्लिंकरको खपत बढी तर उत्पादन घटी रहेको देखाइएको उजुरीका आधारमा अख्तियारले छानबिन गरेको थियो।

अख्तियारले अनुसन्धान गर्दा प्रतिवादीहरूको आपसी मिलेमतोमा लाभ लिने तथा उदयपुर सिमेन्ट उद्योगको सार्वजनिक सम्पत्तिमाथि बदनियत राखी आव २०७४/७५ मा वार्षिक मौज्दात विवरणमा क्लिंकर ३३ हजार ९१४ मेट्रिक टन रहेको भनी अभिलेख देखिएको थियो।

आरोपपत्रमा उल्लेख छ, 'उदयपुर सिमेन्ट उद्योगबाट भौतिक परीक्षणपछि २०७५ असोज १२ मा पेस भएको भौतिक परीक्षण प्रतिवेदनबाट ३२ हजार ७८५ मेट्रिक टन क्लिंकर मात्र मौज्दात रहेको देखिएकोबाट उक्त आर्थिक वर्षमा जम्मा एक हजार १२९ मेट्रिक टन वास्तविक हुनुपर्ने भन्दा अस्वाभाविक घटी मौज्दात देखिएको, उक्त क्लिंकरको लागत मूल्य १० हजार १०६ रुपैयाँ ५९ पैसा प्रतिमेट्रिक टन रहेको देखिएबाट वास्तविक हुनुपर्ने मौज्दातभन्दा अस्वाभाविक घटी देखिएको एक हजार १२९ टन क्लिंकरको जम्मा एक करोड १४ लाख १० हजार ३४० रुपैयाँ रकमबराबरको सार्वजनिक सम्पत्ति हानिनोक्सानी भएको तथा मासेको तथ्य स्थापित भएको देखिएको छ।'

त्यसैगरी आव २०७५/७६ मा वार्षिक मौज्दात विवरणमा क्लिंकर ४४ हजार ४९५ मेट्रिक टन रहेको भनी अभिलेख देखिएकोमा उदयपुर सिमेन्ट उद्योग लिमिटेडबाटै भौतिक परीक्षण गरी २०७६ कात्तिक ३ मा पेस गरेको भौतिक परीक्षण प्रतिवेदनबाट ३४ हजार २९५ मेट्रिक टन क्लिंकर मात्र मौज्दात रहेको देखिएबाट उक्त आवमा जम्मा १० हजार २०० मेट्रिक टन वास्तविक हुनुपर्नेभन्दा अस्वाभाविक घटी मौज्दात देखिएको, उक्त क्लिंकरको लागत मूल्य ११ लाख १०९ रुपैयाँ एक पैसा प्रतिमेट्रिक टन रहेको देखिएबाट प्रतिवादीहरूको आपसी मिलेमतो तथा योजनामा बदनियत राखी वास्तविक हुनुपर्ने मौज्दातभन्दा अस्वाभाविक घटी देखिएको १० हजार २०० टन क्लिंकरको ११ करोड ३३ लाख ११ हजार ९०२ रकमबराबरको सार्वजनिक सम्पत्ति हानिनोक्सानी भएको तथा मासेको तथ्य स्थापित भएको आयोगले जनाएको छ।

त्यसैगरी आर्थिक वर्ष २०७६/७७ मा वार्षिक मौज्दात विवरणमा क्लिंकर ५० हजार ९७५ मेट्रिक टन रहेको भनी अभिलेख देखिएकोमा उदयपुर सिमेन्ट उद्योग लिमिटेडबाटै भौतिक परीक्षण गरी मिति २०७७ पुस १६ मा पेस गरेको भौतिक परीक्षण प्रतिवेदनबाट ३९ हजार ४५० मेट्रिक टन क्लिंकर मात्र मौज्दात रहेको देखिएको छ।

उक्त आर्थिक वर्षमा जम्मा ११ हजार ५२५ मेट्रिक टन वास्तविक हुनुपर्नेभन्दा अस्वाभाविक घटी मौज्दात देखिएको, आव २०७६/७७ सम्म घटी देखिएको ११ हजार ५२५ मेट्रिक टन क्लिंकरबाट आव २०७५/७६ मा घटी देखिएको १० हजार २०० मेट्रिक टन घटाउँदा आव २०७६/७७ मा मात्र एक हजार ३२५ मेट्रिक टन क्लिंकर घटी रहेको देखिएको, उक्त क्लिंकरको लागत मूल्य १२ हजार २६१ रुपैयाँ ६७ पैसा प्रतिमेट्रिक टन रहेको देखिएबाट आव २०७६/७७ मा मात्र उदयपुर सिमेन्ट उद्योगमा प्रतिवादीहरूको आपसी मिलेमतो तथा योजनामा बदनियत राखी वास्तविक हुनुपर्ने मौज्दातभन्दा अस्वाभाविक घटी देखिएको एक हजार ३२५ टन क्लिंकरको एक करोड ६२ लाख ४६ हजार ७१२ रुपैयाँ रकमबराबरको सार्वजनिक सम्पत्ति हानिनोक्सानी भएको तथा मासेको तथ्य स्थापित भएको देखिएको पनि अख्तियारको अभियोगपत्रमा उल्लेख छ।

यस्तै २०७७ पुस मसान्तमा मौज्दात विवरणमा क्लिंकर ५५ हजार ३८५ मेट्रिक टन रहेको भनी अभिलेख देखिएकोमा उदयपुर सिमेन्ट उद्योग लिमिटेडबाटै भौतिक परीक्षण गरी मिति २०७७ माघ १३ मा पेस गरेको भौतिक परीक्षण प्रतिवेदनबाट १७ हजार ७४५ मेट्रिक टन क्लिंकर मात्र मौज्दात रहेको देखिएकोबाट उक्त समयसम्म ३७ हजार ६४० मेट्रिक टन वास्तविक हुनुपर्नेभन्दा अस्वाभाविक घटी मौज्दात देखिएको छ।

उक्त परिमाणमा आव २०७६/७७ सम्म घटी देखिएको ११ हजार ५२५ मेट्रिक टन घटाउँदा मिति २०७७ साउन १ देखि पुस मसान्तसम्म २६ हजार ११५ मेट्रिक टन क्लिंकर घटी रहेको देखिएको र उक्त क्लिंकरको लागत मूल्य १२ हजार ४१८ रुपैयाँ ३६ पैसा प्रतिमेट्रिक टन रहेको देखिएबाट वास्तविक हुनुपर्ने मौज्दातभन्दा अस्वाभाविक घटी देखिएको २६ हजार ११५ टन क्लिंकरको ३२ करोड ४३ लाख पाँच हजार ४७१ रुपैयाँ रकमबराबरको सार्वजनिक सम्पत्ति हिनामिना हानिनोक्सानी तथा मासेको तथ्य स्थापित भएको पनि अख्तियारले जनाएको छ।

उदयपुर सिमेन्ट उद्योग लिमिटेडको सञ्चालक समितिका सदस्यको संयोजकत्वमा गठित उपसमितिले २०७८ चैत १ मा पेस गरेको प्रतिवेदनबाट आव २०७७/७८ को लेखापरीक्षण प्रतिवेदनले औंल्याएका ३७ हजार ६४० मेट्रिक टनको ४६ करोड ७४ लाख १३ हजार ५२० रुपैयाँको क्लिंकर मौज्दात घटी रहेको सम्बन्धमा सरकारद्वारा नियुक्त उद्योगको प्रमुख कार्यकारी अधिकृत (महाप्रबन्धक) ले प्रचलित कानुनअनुसार आफ्नो कर्तव्य पालना गरी सञ्चालक समिति र सरकारलाई सुसूचित गर्नुपर्नेमा आर्थिक वर्षहरूमा जिम्मेवारी पूरा नगरेको, यसको सम्पूर्ण जिम्मेवारी तत्कालीन कार्य गर्ने महाप्रबन्धकहरूले लिनुपर्ने र जिम्मेवार बनाउनुपर्ने उल्लेख भएको देखिएपछि भ्रष्टाचारजन्य कार्यमा उदयपुर सिमेन्ट उद्योगका तत्कालीन महाप्रबन्धक पौडेल र निमित्त महाप्रबन्धक साह्समेतविरुद्ध मुद्दा लगिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले बताए।


## वर्गीकृत विज्ञापन/डिस्प्ले

### घरजग्गा

शनिश्चर मेनरोडमा २ आना १ दाम जग्गा सुपथ मुल्यमा। ९७६७२४२३५४

Ktm हाँडीगाउँ नेपालबैंक नजिकै विशालनगरमा ०-६-०-० जग्गा बिक्रीमा। 9841420589

### सम्पर्क

फ्लेक्स प्रिन्ट सम्बन्धी सम्पूर्ण कामहरु गर्नुबारेमा हामीलाई सम्पर्क गर्नुहोस्: ९८४९३३३५९०

### काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक प्रकाशन मिति २०८२/१०/१९

यस [illegible] सामुदायिक वन उपभोक्ता समूह, बारबर्दिया न.पा. ०४, जगतियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाट गद्दीमा मौज्दात रहेको विभिन्न जात र ग्रेडको गोलिया थान ५३९ को १०९७.२४ घ. फि. काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग संचालन गर्ने अनुमति प्राप्त गरि संचालनमा रहेको उद्योगहरुले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सुचना यस समुहको सुचना पाटीमा टाँस गरिएको छ।

श्री [illegible] सामुदायिक वन उपभोक्ता समूह,
बारबर्दिया न.पा. ०४, जगतिया, बर्दिया।
मो.नं. ९८४८२३८२१४

### काठ/दाउरा प्रति ईकाई दररेटको आधारमा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

पहिलो पटक प्रकाशन मिति २०८२/१०/१९

यस फेनापती सामुदायिक वन उपभोक्ता समूह बारबर्दिया न. पा. १०, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा विभिन्न प्रजातीको काठ ३६०.५९ घ.फि. र दाउरा ०.९९ चट्टा अनुमानित लागत बमोजिम प्रति ईकाई दररेटमा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग संचालन गर्ने अनुमति प्राप्त गरि संचालनमा रहेको उद्योगहरुले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सुचना यस समुहको सुचना पाटीमा टाँस गरिएको छ।

श्री फेनापती सामुदायिक वन उपभोक्ता समूह,
बारबर्दिया न.पा. १० बेदी, बर्दिया।
मो.नं. ९८१९५९१२४०४

### वर्गीकृत डिस्प्ले

कलर प्रति बक्स
१x५ = रु.९८००/-* मात्र
१x१० = रु.८०००/-* मात्र
श्याम/श्वेत प्रति बक्स
१x५ = रु.१२५०/-* मात्र
१x१० = रु.२८००/-* मात्र

वर्गीकृत विभाग: ४२६५७०० एक्सटेन्सन ३१३
email: classified@nagariknews.com



# LALITPUR METROPOLITAN CITY

## OFFICE OF MUNICIPAL EXECUTIVE

Pulchowk, Lalitpur
Bagmati Province, Nepal

## Invitation for Electronic Bids

**Date of Publication: 2082/10/19**

The **Lalitpur Metropolitan City Office, Pulchowk, Lalitpur** invites **Electronic Bids** from eligible bidders under **National Competitive Bidding: Single Stage Single Envelope** and **National Competitive Bidding: Single Stage Double Envelope** Bidding Procedures for the procurement of following goods, as detailed in the table below. Electronic bids shall be delivered online through e-GP system www.bolpatra.gov.np/egp before the deadline specified below. Bidders may obtain further information from Lalitpur Metropolitan City Office, Pulchowk, Lalitpur or may visit PPMO website at www.bolpatra.gov.np/egp. Any provisions which are not mentioned in this notice will be consistent with Public Procurement Act 2063, Public Procurement Regulations 2064 and other prevailing Nepalese Laws.

| S.N | Contract ID | Contract Name | Quantity | Bid Fee | Bid Security | Pre-Bid Meeting | Submission Deadline | Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1. | LMC-NCB-GOODS-2082/83-06 | Supply and Delivery of Firefighting Vehicle with Accessories at Lalitpur Metropolitan City (LMC) | 2 Units + 1 Unit | NRs. 5000 | NRs. 23,75,000.00 | 2082-11-10 at 14:00 hrs. | 2082-11-25 at 12:00 hrs. | 2082-11-25 at 14:00 hrs. |
| 2. | LMC-NCB-GOODS-2082/83-07 | Procurement of 15 Tons Crane | 1 Units | NRs. 3000 | NRs. 2,10,000.00 | 2082-11-10 at 15:00 hrs. | 2082-11-25 at 12:00 hrs. | 2082-11-25 at 15:00 hrs. |